ने.रा.बैंक/इ.प्रा./'घ' ४७/०७३/०७४ दर्ता नं.: १४७९५१/७२/०७३

आशा

# आशा लघुवित्त वित्तीय संस्था लि.
# Asha Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

च.नं. १६५/०७८/७९ मिति: २०७८/०७/०४

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड**
**सिंहदरवारप्लाजा, काठमाण्डौं ।**

**बिषय : पाँचौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७८/०६/१७ गते बसेको सञ्चालक समितिको ९४ औं बैठकले निर्णय गरी आ.व. २०७७/७८ को वित्तीय विवरण तथा लाभांश (चुक्ता पुँजीको २५ प्रतिशत वोनस शेयर र १.३१५७८९४ प्रतिशत नियमानुसार लाग्ने कर प्रयोजनार्थ नगद लाभांश) स्वीकृतको लागि नेपाल राष्ट्र बैंक समक्ष पेश गरेकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०७८/०७/०२ गते मा स्वीकृत प्रदान गरेको व्यहोरा जानकारी गराउँदछौं साथै यस वित्तीय संस्थाको मिति २०७८/०७/०४ गते बसेको सञ्चालक समितिको ९५ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा मिति २०७८/०७/२७ गते, समय : बिहानको १० बजे र स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोटमा हुने र सो प्रयोजनको लागि वित्तीय संस्थाको मिति २०७८/०७/१२ गते शेयर दाखिल खारेज बन्द हुने व्यहोरा जानकारीको लागि अनुरोध छ ।

पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७८/०७/०५ गतेको पत्रिकामा प्रकाशित गरिने व्यहोरा अनुरोध गरिन्छ तथा साधारण सभाको प्रस्ताव तथा अन्य विवरण संलग्न बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

धन्यवाद !

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

भवदीय,

...........................
बद्री प्रसाद दुलाल
कम्पनी सचिव/प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ :**
**श्री नेपाल धितोपत्र बोर्ड खुमलटार, ललितपुर ।**
**श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाडौं ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.पुतलीसडक, काठमाडौं ।**
**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**
**श्री प्रभु क्यापिटल लि.कमलादी, काठमाडौं ।**

# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको
# पाँचौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७८ साल कार्तिक ४ गते बिहिवार बसेको सञ्चालक समितिको ९५ औं बैठकको निर्णयानुसार यस आशा लघुवित्त वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा देहायको मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा बस्ने :**

मिति : २०७८ कार्तिक २७ गते शनिवार (तदनुसार २०२१ नोभेम्बर १३)

स्थान : फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट ।

समय : विहान १०:०० बजे

**छलफलका विषयहरु:**

**क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.व. २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुंजी रु. २६,७१,३१,२००/- को १.३१५७८९४ प्रतिशतले हुने रकम रु. ३५,१४,८८४/- कर प्रयोजनका लागि नगद लाभांश पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको निर्धारण गर्ने (हाल बहालवाला लेखापरीक्षक श्री के.एम.यु. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुन: नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

५. संस्थापक समूहको ४ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिको प्रस्ताव बमोजिम आ.व. २०७७/७८ को मुनाफाबाट चुक्ता पुंजी रु. २६,७१,३१,२००/- को २५ प्रतिशतले हुने रकम रु. ६,६७,८२,८००/- बोनश शेयर वितरणको प्रस्ताव पारित गरी सो सम्बन्धमा प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने ।

२. सञ्चालकहरुको बैठक भत्ता वृद्धि गर्नका लागि नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

३. संस्थाले अन्य लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी प्रक्रिया अगाडी बढाउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा गाभ्ने/गाभिने, प्राप्ति (एक्विजिसन) तथा खरिद सम्बन्धी समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्न र सो सम्बन्धी आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

५. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

६. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**पाँचौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

१. पाँचौं वार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि यस वित्तीय संस्थाको मिति २०७८ कार्तिक १२ गते १ दिन शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८/०७/११ गते सम्म कारोवार भई प्रचलित कानून बमोजिम वित्तीय संस्थाको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन, मतदान गर्न, बोनश शेयर तथा नगद लाभांश पाउन योग्य हुनेछन् ।

२. पाँचौं वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर हितग्राही (डिम्याट) खाता नम्बर र आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई उपस्थित हुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालय, ककनी, नुवाकोट र प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क गर्नुहुन तथा वित्तीय संस्थाको वेबसाईट www.ashamicrofinance.com.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

५. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका विहान १०:०० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ ।

६. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रितपूर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय ककनी, नुवाकोटमा दर्ता गराउनुपर्नेछ । यसरी नियुक्त गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनुपर्नेछ ।

७. शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा निजबाट आदेश पाएका व्यक्तिबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

८. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ । सो विषय छलफलमा समावेश गरिएपनि निर्णयको रुपमा रहने छैन ।

९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै वस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ ।

१०. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. अन्य थप जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोटमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

**विशेष अनुरोध :** कोभिड-१९ को कारणले पर्न सक्ने सम्भावित असरहरुलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नुपर्ने भनि तोकेका सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गनुपर्ने भएकोले वार्षिक साधारण सभामा उपस्थित हुन चाहने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा तोकिए बमोजिमका स्वास्थ्य सुरक्षाका उपायहरु स्वयं आफैले पालना गर्नुपर्ने व्यहोरा समेत अनुरोध छ ।

आशा
**आशा लघुवित्त वित्तीय संस्था लि.**
**Asha Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)

**केन्द्रीय कार्यालय :** ककनी, नुवाकोट, नेपाल
फोन नं. ०१०-६३०००४, फ्याक्स नं. ०१०-६३०००५
E-mail: ashamicrofinance@gmail.com
Website www.ashamicrofinance.com.np

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट